# ह्वां सर चाईं जेटीओ ?

गान्धि राज भट्टराई

रामपुर क्याम्पसबाट बीएस्सी गर्नेवित्तिकै म पाखीबास कृषि केन्द्रमा वाह्य अनुसन्धान अधिकृत भएं । जिम्मेवारी थियो भोजपुर जिल्लाको इन्चार्ज भएर अनुसन्धान र विभिन्न कृषि सम्बन्धी निकायहरुसंग संयोजनको काम गर्नुपर्ने । भोजपुरको दुर्गम गाउं च्यांग्रेमा हाम्रो फिल्ड अफिस थियो । धनकुटाबाट हिंडेर जानुपर्दा बाह्र घण्टा लगातार हिंड्नु पर्ने । जिल्ला सदरमुकाम जानु पर्दा त्यस्तै चार घण्टा । महिनाको एक पटक धनकुटा आउनु पर्थ्यो, एक पटक जिल्ला सदरमुकाम जानु पर्थ्यो । जे होस् पढ्दा पढ्दा धराप भएको ज्यानलाई हाकीमको खोल ओढाएर एउटा स्थायी सेवकको साथ लगाएर हिडिरहेको थिएं । यस्तरी दुख पाउंदा पनि कृषि केन्द्रकै सुंगुर संगसंगै यो ज्यान मोटाउन थाल्यो कसरी त भन्नुहोला । भैगो, त्यो कुरालाई कुनै कथाको विषयवस्तु बनाउंला ।

उत्तर दक्षीण लमतन्न परेका डांडाको नाकमा हाम्रो अफिस थियो । खार्डेपले बनाइदिएको घरहरुमा गोलबन्द भएर सरकारी कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र, सहकारी संस्था, कृषि विकास बैंकको साना किसान विकास आयोजना र हाम्रो अफिस समेत थियो । छेउमा माध्यमिक स्कुल थियो । बजार भन्नुमा एउटा कपडा सहितको किराना पसल, दुईटा जांड सहितको  खुद्रा पसल, अनि एउटा चाहिं खुद्रा पसल । अफिसको अगाडि अलि तल नपत्याउंदो गरी झण्डै दुई रोपनी जति क्षेत्रफल ओगटेको पोखरी थियो । पोखरीमा जताततै बाट भेल आएर पानी जम्मा भएपछि पूर्वपट्टिबाट निकास निस्केर बहन्थ्यो । गाउंका मान्छेहरुका लागि कपडा धुने, बस्तुलाई खुवाउने पानीको राम्रो श्रोत भएको थियो त्यो पोखरी । पोखरीको एउटा कुनामा भत्किन लागेको पुरानो पन्चकन्या मन्दिर थियो । पाण्डे बाजेले प्रायः धुप चडाइरहेको पाइन्थ्यो । हामी पनि गाउं घुम्दा परेवा भेटिएका बेला घरमा काट्नु भन्दा मन्दिरमै काट्न पुग्थ्यौं । परेवाको मासु पनि हुने, पूजा गरेजस्तो पनि हुने ।

बजारमा हरेक पन्चमीमा हाट लाग्थ्यो । स्कुलको अफिसकै तलपट्टि रांगा, सुंगुर काटिन्थे । अलिक पर तरकारी र फलफूल बेचिन्थे । हामीलाई साता पन्ध्र दिनको लागि मासु र तरकारीको जोहो हुन्थ्यो । हटियामा खसी देख्न पाइंदैनथ्यो । बाहुन क्षेत्रीहरु कहिले के को मासु खान्थे कुन्नि? हामीले आफ्नो खान्की भने राई लिम्बूकोसंग मिलाएको थियौं ।

डांडाको टुप्पामा अफिस भएकोले किसानको बारी निरीक्षण गर्न जानुपर्दा पूर्व पश्चिम दुवैतिर एकएक घण्टा ओरालो लाग्नु पर्थ्यो । फर्कंदाको चाहिं कुरै नगरौं । सहयोगी साथीहरु असल थिए । माधव त्रिपाठीजी जेटी (प्राविधिक सहायक) हुनुहुन्थ्यो । सवीना राई र ओम प्रकाश श्रेष्ठ दुईजना जेटीए (नायव प्राविधिक सहायक) थिए । कृष्ण, जेठा र हर्कले अरु सेवा धानेका थिए ।

हाकीम भएको एकवर्ष भइसकेको थियो । वरपर गाउंघरमा सबै आफन्त जस्ता भइसकेका थिए । राई गाउं, प्याक्ला, तिवारीभन्ज्यांग, पन्चमी डांडा सबै तिर । पश्चिम पाटाको राई गाउंतिर वर्लेपछि मणिजंग, खण्डुंग माइला दाइहरुकोबाट सग्लै उम्किन सकिंदैनथ्यो । त्यसैले पनि त्यतातिरको फिल्ड जानु परे अलिक दिन ढल्के पछि मात्र गइन्थ्यो । घुम्दै चार बजेपछि त अफिस टाइम सकिन्थ्यो नि हैन र? पूर्वतिरको पाटो प्याक्लातिर भने सात्वीक ब्राह्मण भोजन हुन्थ्यो । कमला र कोपिला बहिनीहरुको हातको तात्तातो चियाको सुर्कि तान्दै बारी घुमेर फर्किइन्थ्यो । प्रगतिशील युवा कृषकका नमुना थिए ती दुईटी केटीहरु ।

त्यो दिन वडा नम्बर चार हुंदै छ नम्बरतिर ओर्लने कार्यकम भयो । वडा नं चार बाहुन गाउं थियो । खास गरी तिवारीहरुको वस्ती । वडा नं छ चाहिं अलिक ठूलो र मिश्रित वस्ती थियो । कुनै भागमा बाहुन क्षेत्रीहरु बढी थिए, कुनै भागमा राईहरु ।

दिन राम्रो थियो, आकाशमा वादल थिएन । त्रिपाठीजीलाई अघि लगाएर म, ओम र सविना ओरालो लाग्यौं । एघार बजेतिर तिवारी गाउं पुगियो । त्यो एरियामा गाउंका सबैलाई सहभागी गराउनु पर्ने खालको मकैको परागसेचन सम्बन्धी परीक्षण गर्ने जमर्को गर्दै थियौं हामीहरु । गाउंका सबैजसो कृषकहरु मानिसकेका थिए । तर तिवारी बाजे

एकजना चाहिं विकासे मकै लांउदिन भनेर अड्काइरहेका थिए । मलाई धेरै कुरा त्रिपाठीजीबाट थाहा भइसकेको थियो । त्यसदिनको मेरो उदेश्य केही गरी तिवारीदाई मानेनन् भने त्यसले परीक्षणमा कत्तिको असर पर्छ भन्ने हेर्नुपर्ने थियो । आवश्यक परे उनलाई दिइने सुविधाको बारेमा अलगै सिफारिस गरेर केन्द्रबाट स्वीकृति लिन पनि सकिन्थ्यो ।

"एई, हृयां केइ ओछ्याइ त । तिर्पाटी सरहरु आइचन् ।" तिवारी दाई घरमै रहेछन् । मेरो अहिलेसम्म भेट भएको थिएन । चिनापर्ची गर्ने काम शुरु भयो ।

"तिवारी दाईले हाम्रो हाकीम साबलाई चिन्नु भा छ कि छैन । गान्धीसर भन्या हृवां नै हो । हाम्रो नयां सर ।" त्रिपाठीजीले चिनाउनु भयो ।

"हन, तपाईंभन्दा माथि पनि हाकीमहरु आइरचन् र यो च्यांग्रेमा?" तिवारी बाजेले अविश्वास पोख्न खोजे । बाहिरतिर धेरै हिंड्ने र जीउडाल पनि खाइलाग्दो भएकाले म भन्दा बढी त्रिपाठीजी नै हाकीम देखिन्थे त्यो ठाउंका लागि । हुन पनि सधैं रेडियोबाट जेटीएका कुरा मात्र सुनेका तिवारी बाजेका लागि जेटिए भनेको फिल्ड कुद्ने सानो पद, जेटी भन्ने चाहीं कृषिको हाकीम नै हो भन्ने लागेको रहेछ ।

"एइ, सुनिस् । यी सर हाम्रा तिर्पाटी सरका पनि हाकीम अरे ।" बोल्दा बोल्दै टक्क रोकिए तिवारी दाई । जेटीएको हाकीम जेटी, अब जेटीको हाकीमलाई के भन्ने? तैपनि हार खाने खालका थिएनन् तिवारी बाजे । मतिर हेर्दै आफैंले नयां पदको श्रृजना गरे बाजेले - "हृवां चाहिं जेटीओ । हृयां तिर्पाटी सर जेटी, उन्का पनि हाकीम भने पछि हृवां चाहिं ओ, जे टी ओ ।"

अलिखेर तिवारी बाजेकोमा रमाइलो गरियो । आखिर रोगकीरा लागेमा हामी नै आएर औषधी छरिदिन्छौं भन्ने कबोल गरेर परीक्षणमा सहभागी गराउने निधो भयो । मनकामना-१ भनेको सेतो मकै हो, तपाईंको बारीमा सेतो मात्र पर्छ पहेंलो जात अरुकै बारीमा लगाउंछौ भनेपछि बल्ल तिवारी दाई अलि नरम भए । तिवारी दाइकोमा टन्नै परेवाका गुंड रहेछन् । पन्चमी पुजा गरेर पन्चकन्या मन्दिरमा परेवा चडाउने विचारले एकजोर परेवा लिन अर्को हप्ता मान्छे पठाइदिने भन्दै मागेजति दाम दिएर वडा नंम्बर छ तिर लागियो ।

-o-

वडा नम्बर छ मा घुम्दा घुम्दै फेदिमै चार बजिहाल्यो । अब फर्कु भन्दा त्यत्रो उकालो बाटो । विहान देखिको खाली पेटले कुंइ कुंइ गर्ने भइहाल्यो । तर खाने के? आफुले बोकेर ल्याएको पनि केही छैन अनि गाउंघरमा चिया खाने दोकान पनि भेटिंदैन । यसो विचार गरेर पस्यौं माइली भाउजुको घरतिर ।

"ए, सरहरु पो आउनु भएछ । बसुम् सर" माइली भाउजुले फलैंचातिर देखाउंदै भनीन् ।

माइली भाउजुकोमा एकजोर सुंगुर परीक्षणको लागि राखेको थियो । कृषकले त्यसलाई आफ्नै व्यवस्थापनमा राख्दथे भने हामी चाहिं अनुसन्धान केन्द्र र कृषकको परिस्थिति अनुसार पाल्दा के कति फरक नतिजा आउंछ भनी हेथ्र्यौं । त्यसो गर्दा बजारमा सात सय पर्ने सुंगुरका पाठा कृषकको लागि निशुल्क हुन्थ्यो । त्यहांको सुंगुर हाम्रो प्राविधिक रेकर्ड गर्ने अवधि पुरा भइसकेको थियो । तर पनि कहिले कति बच्चा पाएछ, के कतिमा कुन ठाउंका अरु कृषकले लगेछन् भनी बेला बेलामा सोधिरहन्थ्यौं अनुसन्धानका आर्थिक सामाजिक असरहरु बुझ्नका लागि ।

त्यतिखेरको माइली भाउजुकहांको भ्रमणको उदेश्य जे देखिए पनि भित्री उदेश्य चाहीं पेट पूजा गर्नु नै थियो । छिटै फर्केर रमाइलो गर्ने विचारले कृष्णलाई कुखुरा खुइल्याएर चारबजेतिर तयार गरी राख्नु भनेको थियो । डांडाको टुप्पाको कुखुराको सितन सम्झेर घुटुक्क थुक निल्दै फेदिमा सितन बेगरको भाते जांड तान्यौं ।

पांच बजेतिर उकालो लागियो । वर्षे झरी पर्ने सुरसारमा आकासमा बादल मडारिंदै थियो । आधा उकालो पनि काटेर नभ्याउंदै झमक्क सांझ परिहाल्यो । आकाश वादलले ढाकेको छ, कतै उज्यालो छैन, अनि साथमा टर्चलाइट पनि बोकेको थिएन ।

डांडामा पुग्न अझै आधाघण्टाको बाटो बांकी थियो । अबभने केही देख्न छोडियो । को अगाडी लागेर राम्रोसंग डोर्याउने भन्नेमा अप्ठेरो पर्यो । त्रिपाठीजीको राती राम्रो आंखा नदेख्ने समस्या भएकोले सबैलाई खाल्टोमा जाक्ने सम्भावना थियो । अफिस टाइम सकिसकेकोले ओमजीले मनग्गे पिउने छुटको उपयोग गरेकोले अगाडी लाग्ने स्थिति थिएन । सविनाको त्यो एरियामा पहिलो फिल्डवर्क थियो । आखिर अघि लाग्ने जिम्मेवारी आफैंले बोक्नुपर्यो । अलकल्चै भएपनि हाकीम भएको जिम्मेवारी पनि पुरा गर्नु पर्यो । केही सोचेर आफुले लगाएको ज्याकेट खोलें मैले । भित्र अर्को ट्राकसुट लगाएको थिएं, फिल्डमा सजिलो हुन्छ भनेर । त्यही ट्राकसुटका एकदुई धर्काहरु अंधेरामा चम्कने रहेछन् । म अघि लागें, सविना मेरो पछि, तीन नम्बरमा त्रिपाठी र अन्त्यमा ओम गरेर लाइन लागियो ।

अब करीब तीनसय मीटर जति उकालो र त्यसको टाउकोमा एउटा खोल्सो काट्नु पर्ने काम बांकी थियो । त्यति पार गरेपछि पनि झण्डै आधा कोश बाटो बांकी रहन्थ्यो । तर उक्त खोल्सो काटेर उकालो लाग्न सकेमा लडेर खोल्सामा घाइते हुने सम्भावना रहंदैनथ्यो । खोल्सो काटेपछि पानीले खोलेको गहिरो गल्लिमा दुईतिर भित्ता छाम्दै अर्को बीस मिनटको बाटो काट्न सकिन्थ्यो । त्यसको अन्तिम विन्दुमा पुगेर कराउंदा तुलसा दिदीको दोकानसम्म सुनिन्थ्यो ।

वरिपरि कतै घरहरु पनि थिएनन् । तैपनि केही उपाय लाग्छ कि भनेर त्रिपाठीजी कराउन थाल्नुभयो । कतैबाट केही जवाफ आएन । त्यहीं बसेर कराउन पनि कतिन्जेल कराउने, बसिराख्दा कुनै पनि बेला पानी पर्न सक्छ । जाउं भने निस्पट्ट अन्धकार छ, आफ्नो हात खुट्टा आफैंले देखिंदैन । "साथी हो ल अब भगवानको नाम लिनुस्" यो पानी पर्न लागेको सांझमा को मान्छेहरु पो बाटो हिंड्लान् भनेर पुनः मैले अघि बढ्ने प्रस्ताव राखें । पाखाभरी जुनकिरीहरुको चमचम थियो तर हामी भने अन्धकारमा हराइरहेका थियौं । भाग्यको भरोसामा ओमले त्रिपाठीलाई, त्रिपाठीले सविनालाई, सविनाले मलाई पछ्याउंदै मैले सबैलाई डोर्याएको थिएं । हाम्रो हिंडाइको गति बीस मीटर प्रति मिनेट हुंदो हो ।

अगाडि त बढियो तर दुईसय मिटर पर पुगे पछि झन् अप्ठेरोमा परियो । खोल्साको नजिक आएपछि मेरो आंखाले पनि काम गर्न छोडे । भुइंमा केही देखिंदैन । अघि सम्म त खुला आकासतिर बांसको झांगको आकृति हेर्दै बाटो पहिल्याएको थिएं, अब त त्यो पनि छैन । साथीहरुलाई भनुं कि नभनुं जस्तो भयो । त्यतिखेरै आफु सानो छंदा दमौलीबाट बाबासंग फर्कंदा झमक्क सांझमा खेतखेतै हिंडेको, आफुले केही नदेखे पनि घुंडा घुंडा पानीमा डुबाउंदै बाबाको पछि लागेर घर आइपुगेको सम्झें । खेतमा भ्यागुता ट्वारट्वार गरी कराएको, जुनकिरीहरु मिलिक् मिलिक् उडेको सबै सम्झें । झण्डै पन्ध्र वर्ष अगाडिका बाउछोराको ती विकट यात्रा प्रसंग सम्झनासाथ मलाई पुनः जुनकिरीको परिक्षण गर्ने विचार आयो ।

सबैलाई एकछिन जहांको त्यहीं अडिन भनेर मैले भुईंतिर हातले छाम्न थालें । पाखाभरी जुनकिरी थिए, तर जुनकिरी नबसेको एउटा लहर पनि थियो । वरिपरि जुनकिरी बसेको ठाउंमा छामें, शीतले भिजेको घांस भेटियो । लहरै जुनकिरी नबसेको ठाउंमा अन्दाजी दुई मीटर जति छाम्दै गएं, घांसले नढाकेको खुला जमीन रहेछ । त्यसको एउटै अर्थ हुन्थ्यो जुनकिरी नबसेको खुला लहर नै मान्छे हिंड्ने गोरेटो । खोल्सामा पुग्न पचास मीटर पनि थिएन । कत्ति पनि नटुटाई आंखाले भ्याएसम्म हेरें । पर सम्म जुनकिरी नबसेको लहर देखियो । मैले बाटो भेटाएको थिएं । तर खोल्सा छेउमा गोरेटो जस्तो मात्र नभएर ठूलो एरियामा जुनकिरी बसको थिएन । खोल्साको भेलले बगाएर ल्याएको ढुंगामाटोले शायद त्यहां झार उम्रन दिएको थिएन ।

अब एक एक पाइला जुनकिरीले छोडेको लहरभित्र मात्र टेक्ने निर्देशन दिएर पुनः म अघि लागें । हिंडाइको गति घटेर प्रति मिनट दश मिटर जति भयो होला । केही बेरमा खोल्साको डिलमा पुगियो । अब अर्को निर्णयात्मक पाइला चाल्नु पर्ने क्षण आयो । देब्रेतिर बिरायो भने झण्डै दश मिटर तल खसिन्थ्यो, दाहिने तिर बिरायो भने खाल्डोमा नपरे पनि

चिप्लेर लडेमा ढुंगाहरुमा ठोकिने सम्भावना थियो । तल खस्नुभन्दा ढुंगामा ठोकिनु जाति भनेर दायां च्याप्दै दश पाइला हिंडेपछि खोल्सा काटियो ।
खोल्सो काटेपछि हामी चौतारीको डिलमा आइपुग्यौं । अब आंखाले नदेखेपनि खुट्टाले बाटो बिराउने सम्भावना थिएन । हामी पानीले खोलेर गहिराएको गल्लीमा पसेर अर्को तीनसय मीटर गल्ली गल्ली हिंड्नु थियो । गल्लि बाहिर निस्केर छाम्न पुगेमा घंघरुको घारीमा हात पर्थ्यो ।

गल्लीको टुप्पोमा पुगेर ओमजी कराउनुभयो । तुलसा दिदीको दोकानतिरबाट एक्कैचोटी दर्जन जति टर्चलाइटहरु चम्के । त्यो दिन कृष्ण एक्लै थियो । जेठा नजिकैको आफ्नै घर गएको थियो । हर्क सेनामा भर्ती हुनलाई छुट्टी मागेर गएको थियो । सरहरु हराउनुभयो, कता खोज्न जानेहोला भनेर सल्लाह गर्न आएको रहेछ कृष्ण तुलसा दिदीको दोकान तिर । हामी कस्तै परिस्थितिमा पनि नभनीकन बाहिर बास बस्दैनथ्यौं । विद्यालयमा पढाउने शम्भू, हरी, तिलक र खड्का सरहरु कृष्णसंगै निस्कनलाई तयार भएर बसेका रहेछन् । हामी कराउने वित्तिकै सबै आइपुगे । त्यस्तो अंधेरोमा पनि पार लगाएर आउन सक्ने भनेर उधुम प्रशंसा गरे ।

कृष्णले सबैकुरा पकाएर तयार गरिसकेको रहेछ दिउसै । अफिस पुगेर घीउमा फुराएर तात्तातो रक्सीसंग कुखुराको फिला तान्दै नयां जीवन पाएको अुनभव गरियो । शायद यस्तै यस्ता क्षणहरुमा नजिकिएर नै होला फिल्डमा संगै बसिन्जेल एउटा सिंगो परिवारको सदस्य भएर बसियो । कहिले पनि हाकीम र कारिन्दाको महसुस भएन । अहिले आफैंलाई ठट्टा गर्छु हाकीम हुनुभन्दा त जेटीओ हुनु नै राम्रो भयो मेरा लागि । तिवारी दाइका भनाइहरु र त्यो सांझ गुजारेका नब्बे मिनट आज दश वर्ष पछि पनि दिमागबाट हराउन सकेको छैन ।

*अवर्न विश्वविद्यालय, अलावामा*
*जनवरी २६, २००३*

*प्रथम प्रकाशित*
सुस्केरा डट कम, मार्च २००३
http://www.suskera.com